संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ४६

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल साउन २४ गते बुधबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिनु भएपछि सम्माननीय सभामुखले माननीय श्री सूर्य बहादुर थापा क्षेत्रीलाई बोल्न समय उपलब्ध गराउनु हुँदा सत्तापक्षका माननीय सदस्यहरु पनि समय माग गर्नुहुँदै आ-आफ्नो स्थानमा उभिनु भई बोल्न थाल्नु भएपछि सदनमा होहल्ला शुरु भयो ।

त्यसपछि सम्माननीय सभामुखले माननीय सूर्य बहादुर थापा क्षेत्रीले बोल्नु भएको राम्रोसँग सुन्न नपाइको भन्नु हुँदै बस्न अनुरोध गर्नु हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु सभामुख आसन अगाडीको वेलमा आई विभिन्न किसिमका नाराहरु लागाउनु भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले लामो समयदेखि सुन तस्करीका विषयमा माननीय सदस्यहरुले राख्नु भएका धारणका सम्बन्धमा सदनलाई जानकारी भइसकेको र त्यस विषयको सन्दर्भमा सरकारको तर्फबाट माननीय उपप्रधानमन्त्री तथा गृह मन्त्रीले जवाफ दिइ सक्नुभएको भन्नु हुँदै देशमा अहिले बाढी पहिरोका साथै अन्य विभिन्न घटनाहरु समेत भइरहेको र माननीय सदस्यहरुले सदनमा राख्नु पर्ने अन्य धेरै विषयहरु रहेकोले नियमित कार्यसूची अनुसार सभाको बैठक अगाडि बढाउन माननीय सदस्यहरुलाई पटक पटक आग्रह गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले कार्यसूची अन्तर्गतको विषयलाई आगाडि बढाउन पटक पटक अनुरोध गर्नुहुँदा पनि नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरुले नारावाजी जारी राख्नु भएपछि सम्माननीय सभामुखले आजको बैठकको कार्यसूचीमा रहेको सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको जानकारी गराउनु हुँदै बैठक २०८० साल साउन २६ गते शुक्रबार दिनको १:०० बजे बस्नेगरी स्थगित गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल साउन २६ गते शुक्रबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको १:२५ बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव